आज मिति २०७७।०५।२२ गतेका दिन यस चौदण्डीगढी न० पा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो।

<u>तपसिल उपस्थिति</u>

१. श्री खगेन्द्र राई – नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी – नगर उपप्रमुख
३. श्री रोहितमान तामाङ – अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी – ” २
५. श्री परशुराम राई – ” ३
६. श्री चरण कुमार राई – ” ४
७. श्री देव नारायण चौधरी – ” ५
८. श्री कमलध्वज राई – ” ६
९. श्री तेजराज तिम्सिना – ” ७
१०. श्री श्याम कुमार मगर – ” ८
११. श्री प्रकाश राउत – ” ९
१२. श्री राम कुमार खड्का – ” १०
१३. श्री देवि कार्की – न० का० स०
१४. श्री जानुका कमर – ”
१५. श्री मदन कुमारी कार्की – ”
१६. श्री निर्मला राई – ”
१७. श्री अस्मिता नेपाली – ”
१८. श्री प्रमिला दनुवार – ”
१९. श्री सुन्दर प्रकाश साह – ”
२०. श्री शिव प्रसाद हुमगाई – प्रमुख प्रशासकीय अधिकृत

<u>प्रस्तावहरु</u> :-

१. गत आ० व० मा आगलागि भएका घर निर्माण सम्बन्धमा।
२. जिल्ला दररेट लागु गर्ने सम्बन्धमा।
३. निर्माणाधीन वडा कार्यालयहरुको म्याद थप सम्बन्धमा।
४. सडकबोर्डको बारे सम्बन्धमा।
५. एम्बुलेन्स खरिद सम्बन्धमा।
६. औषधी खरिद सम्बन्धमा।
७. व्यक्तिगत जग्गाहरुको IEE सम्बन्धमा।
८. प्राविधिक सहायकको करार सेवा सम्झौता गर्ने सम्बन्धमा।

Scanned with CamScanner

## छलफल तथा निर्णयहरु

**नि.नं.१** प्रस्ताव नं. १ माथि छलफल गर्दा ४ नं. वडा कार्यालय बसाहाको च.नं.१५४ र १५३ मिति २०७८।५।२१ को सिफारिस अनुसार उक्त वडा नं.४ बस्ने महेन्द्र विश्वकर्मा र अविन्द्र विश्वकर्माको घर मिति २०७६।११।२२ गते आगलागि भई घर जलेर पुर्णरुपमा क्षति भएकोमा निज हरुको आर्थिक अवस्था र कोभिड-१९ को कारणले गत आ.व.मा घर निर्माण गर्न नसकेको हुँदा चालु आ.व.मा निजहरुको घर निर्माणको लागि यस नपा को विपद राहत कोष संचालन कार्यविधि अनुसार प्रतिघर लाई रु.२००,०००। रकम उपलब्ध गराउने निर्णय गरियो।

**नि.नं.२** प्रस्ताव नं.२ माथि छलफल गर्दा चालु आ.व. २०७७/०७८ को लागि जिल्ला दररेट प्राप्त हुन आएकोमा उक्त दररेटको केहि विषयहरुमा यस नपा को दररेट संग मिल्दो जुल्दो हुने गरि पेश गर्न यस नपा को दररेट निर्धारण समितिमा पठाउने निर्णय गरियो।

**नि.नं.३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नपा को गत आ.व.बाट निर्माण भई रहेका तपसिलका वडा वडा कार्यालयहरुको मिति २०७७ असोज मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

तपसिल

वडा नं. ३, वडा नं. ६, वडा नं. ७ र वडा नं. ९

**नि.नं.४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा सडक बोर्ड नेपाल र यस नगर को समेत लगानीमा मर्मत कार्य भई रहेको बेलका मन्दिर, हाइवे, प्रधानटोल, खुकुरी टोल, कालीखोला मंगलवार चोक, बरपिपल चोक देखी पानी पंधेरो सडक मर्मत ठेक्का प्रक्रियाद्वारा काम भई रहेकोमा सो काम मिति २०७७ साल आषाढ मसान्त सम्म समय तोकिएकोमा सो समयमा काम सम्पन्न गर्न ~~---~~ नसकिएको हुँदा सडक बोर्ड नेपालको मिति २०७७ आषाढ १९ को च.नं. १६०० को पत्रानुसार सो कार्य को म्यादथप २०७७ कार्तिक मसान्त सम्म थप गर्ने निर्णय गरियो।

Scanned with CamScanner

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को चालु आ० व०को स्वीकृत कार्यक्रम अनुसार एम्बुलेन्स खरिदको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

नि०नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को विभिन्न स्वास्थ्य संस्थाहरुको लागि औषधी आवश्यक भएको भनि न.पा.को स्वास्थ्य शाखाबाट माग भई आएको हुँदा स्वास्थ्य शाखाको माग बमोजिम आवश्यक औषधी खरिद गर्ने निर्णय गरियो।

नि०नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडामा बस्ने व्यक्तिहरुले पोखरी खन्ने खेतवारी सम्याउने लगायतका कार्यको लागि निवेदन दिई अनुमति माग गर्ने गरेको हुँदा त्यस्तो मागको सम्बन्धमा व्यक्तिगत जग्गाहरुको समेत यस न.पा.को संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण – कार्यविधि, २०७७ बमोजिम IEE गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

नि०नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को ~~रोजगार सेवा केन्द्र~~ मा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा प्राविधिक सहायक पदको करार सेवामा पद पूर्ति गर्ने सम्बन्धमा संचालित लिखित परीक्षामा सामेल भई ~~का~~ छनौट समितिको सिफारिस अनुसार सफल उम्मेदवार मनिष कुमार कार्की चौ.न.पा.५ लाई उक्त पदमा मिति २०७७।०४।२५ गते देखी लागू हुने गरी करार सम्झौता गर्ने निर्णय गरियो।

नि.नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा नेपाल सरकारको अव्यवस्थित बसोबास सम्बन्धि व्यवस्था गर्न भूमि-व्यवस्था तथा सहकारी मन्त्रालयले भू-उपयोग नीति बनाइ रहेको अवस्थामा हाल सम्म सो अव्यवस्थित बसोबास सम्बन्धि ~~विभिन्न~~ निकायको जानकारी प्रदेश तथा नगरपालिकामा नआएको हुँदा गाउँघरमा कसैले यो सम्बन्धि भ्रम फिजाई रहेको

Mavir

जानकारी आएको हुँदा उक्त भ्रममा नपर्नको लागि
वडा कार्यालयहरूले नागरिकहरूलाई जानकारी गराउन
र सो भ्रममा नफस्न अनुरोध गर्न निर्णय गरियो।